कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

वर्ष: २५ अंक: ३१० वि.सं. २०८२ फागुन १८ सोमवार नेपाल संवत: ११४५, फाल्गुण शुक्लपक्ष चतुर्दशी Monday 2 March 2026 yugaawhan@gmail.com पृष्ठ: ४ मूल्य: ५ ।-

### प्रतिनिधिसभा सदस्य निर्वाचन आउन तीन दिन बाँकी

# घोचपेचमै सकिए दलका शक्ति प्रदर्शन

**यसपटक पनि विगत झैं दलहरूले एकअर्कालाई सराप्नमै समय खर्चेका छन् । विशेष गरी यसपटकको निर्वाचनमा आफुलाई वैकल्पिक नयाँ राजनीतिक शक्ति ठान्ने रास्वपा र पुराना दलबीच निकै घोचपेच चलेको छ ।**



**ओम शाही**
**सुर्खेत, १७ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब तीन दिन बाँकी छ । दलहरुले आउँदो बिहिबार हुने निर्वाचन लक्षित शक्ति प्रदर्शन सम्पन्न गरेका छन् । मौन अवधि सुरु हुनुअघि दलहरुले कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा तामझामका साथ चुनावीसभा सम्पन्न गरेका हुन् ।

आइतबार नेकपा एमालेले वीरेन्द्रनगरमा आयोजना गरेको विशाल चुनावीसभा सम्पन्न भएसँगै दलहरुका पूर्वनिर्धारित कार्यक्रम सकिएका हुन् । यसअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आफ्नो शक्ति प्रदर्शन गरिसकेका छन् ।

दलहरुले यस पटक सुर्खेतलाई केन्द्र बनाएर ठुला प्रकृतिका चुनावीसभा गरेका छन् । प्रदेशको राजधानी भएकाले पनि दलहरुले सुर्खेतलाई आफ्नो प्रतिष्ठाको विषय बनाएका छन् । मौन अवधि सुरु हुनुअघि दलहरुले कर्णालीका १० वटै जिल्लाका नागरिकको बसोवास रहेको वीरेन्द्रनगरमा आफुलाई बलियो देखाउन प्रचारका विभिन्न माध्यमहरु अपनाएका छन् । सोमबार (आज) राती १२ बजेबाट निर्वाचनको मौन अवधि सुरु हुँदैछ । निर्वाचन आयोगले दलहरुलाई ४ फागुनबाट चुनावीसभा गर्न समय दिएको थियो ।

यस अवधिमा दलहरुले विगतका चुनावमा जस्तै घरदैलो, चुनावीसभामार्फत भोट मागेका छन् । २३-२४ भदौको जेन-जी आन्दोलनपछि नियमित समयभन्दा दुई वर्ष अगावै हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा दलहरुले पुरानै एजेण्डमा मतदाता फकाउने प्रयास गरेका छन् । दलका उम्मेदवारहरुले मतदाता समक्ष पुरानै विकासी एजेण्डा प्रस्तुत गरेर मत मागेका छन् ।

यस पटक पनि विगत झैं दलहरुले एकअर्कालाई सराप्नमै समय खर्चेका छन् । विशेष गरी यसपटकको निर्वाचनमा आफुलाई वैकल्पिक नयाँ राजनीतिक शक्ति ठान्ने रास्वपा र पुराना दलबीच निकै घोचपेच चलेको छ । रास्वापले देशमा भ्रष्टाचारले जडो गाडेको, सुशासन कायम हुन नसकेको, बेरोजगारी बढेको, अपेक्षाकृत विकासले गति लिन नसक्नुको प्रमुख कारण पुराना दलको थाप्लोमा हालेर मत प्रभावित पार्ने प्रयास गरेको छ ।

काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन शाहलाई भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर चुनावी मैदानमा होमिएको रास्वपाले पुराना दललाई निषेधको नजरले हेरेको देखिन्छ । पुराना दलकै कारण २३ भदौको आन्दोलन जन्मिएको रास्वपाको आरोप छ । त्यस्तै, परम्परागत दलहरुले रास्वपालाई अतिवादको संज्ञा दिदै भोट मागेका छन् । उनीहरुले रास्वपाकै डिजाइनमा जेन-जी आन्दोलन भएको दावी गर्दै आगामी चुनाव देश बनाउने र जलाउने शक्तिहरुका बीच भएको दावी गर्दै आएका छन् ।

पुराना दलहरुले रास्वपाका कारण संविधान र व्यवस्था नै खतरामा पर्ने आशंका गरेका छन् । चुनावीसभामा सम्बोधन गर्ने सबैजसो पुराना दलका नेताहरुले रास्वपाद्वारा नयाँ र पुराना भन्दै फैलाइएको भ्रम चिर्न पुरै शक्ति लगाएका छन् । उनीहरु रास्वपाप्रतिको पपुलर लहरका बीच आफ्ना सांगठनिक भोट जोगाउन रक्षात्मक देखिएका छन् । २०७९ को प्रतिनिधिसभा निर्वाचनबाट अस्तित्वमा आएको रास्वपाका पक्षमा देशभर देखिएको जनलहरले कर्णालीमा पनि पुराना दलहरुलाई चुनौती थपेको छ ।

## एमालेको विजय यात्रा कसैले रोक्न सक्दैन : कँडेल

नेकपा (एमाले)का सचिव यामलाल कँडेलले देशकै सर्वाधिक लोकप्रिय पार्टी भएको दाबी गर्दै आगामी निर्वाचनमा बहुमतसहितको सरकार बनाउने उद्घोष गरेका छन् । आइतबार एमाले सुर्खेतले आयोजना गरेको विशाल चुनावीसभालाई सम्बोधन गर्दै उनले एमालेप्रति जनता सचेत र संगठित रहेकाले २१ फागुनको निर्वाचनको विजय यात्रा कसैले रोक्न नसक्ने दावी गरे ।

पछिल्लो समय विकसित राजनीतिक घटनाक्रम र जेन-जी आन्दोलनप्रति टिप्पणी गर्दै उनले भने, 'यो चुनाव आजै गर्नुपर्छ भन्ने पक्षमा एमाले थिएन । आफूलाई नयाँ भन्नेहरूले अनेक हत्कण्डा अपनाएर अहिलेको परिस्थिति सिर्जना गरे ।'

बाँकी ४ पेजमा

### निर्वाचन लक्षित सुरक्षा तयारी पूरा :

# स्वच्छ, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छ : गृहमन्त्री अर्याल

**युग संवाददाता**
**बाँके, १७ फागुन ।**



गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि सुरक्षा तयारीको सम्पूर्ण काम पूरा भएको बताएका छन् । यही फागुन २१ गते हुने निर्वाचनका क्रममा आवश्यक सुरक्षा व्यवस्थाकाबारेमा जानकारी लिने उद्देश्यले सोमबार नेपालगञ्ज आइपुगेका गृहमन्त्री अर्यालले भयरहित वातावरणमा मतदान गर्न पाउने जनताको अधिकार सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

बाँकेको नेपालगञ्जमा आयोजित पत्रकार सम्मेलनमा उहाँले स्वच्छ, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सरकारले कुनै पनि कसर बाँकी नराख्ने स्पष्ट गर्दै ढुक्क भएर मतदान गर्न देशवासीसँग अनुरोध गरे ।

गृहमन्त्री अर्यालले जिल्लास्थित प्रमुखहरुसँगको भेटघाटपछि उनले भने, “बाँके जिल्लाको निर्वाचन सुरक्षाको अवस्था र व्यवस्थासहित रणनीति बुझ्ने क्रममा यहाँ आएको हुँ । सम्बद्ध सुरक्षा प्रमुखहरुबाट समग्र विषयवस्तुका बारेमा जानकारी प्राप्त भयो । सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाइएको छ, निर्धक्क भएर मतदान गर्न सबैसँग अनुरोध गर्दछु ।”

गृहमन्त्री अर्यालले जिल्ला सुरक्षा समिति, प्रमुख जिल्ला अधिकारी र मुख्य निर्वाचन अधिकृतलगायत निर्वाचनसँग सम्बन्धित सबै निकायको कामकारबाहीसहित आउनसक्ने चुनौतीको पूर्वतयारी सन्तोषजनक रहेको बताए । उनले अहिले समग्र देशको सुरक्षा अवस्था सुदृढ भएको र देशव्यापी रुपमा निर्वाचनको माहोल बनेकाले अत्यधिक जनताको सहभागितासहित उल्लासमय वातावरणबीच शान्तिपूर्ण ढङ्गबाट निर्वाचन सफल हुने विश्वास व्यक्त गरे ।

कहीँकतैबाट निर्वाचन बिथोल्न प्रयास हुनसक्नेतर्फ सचेत गराउँदै गृहमन्त्री अर्यालले भन्नुभयो, “राजनीतिक दल नभई केही समूह त्यसमा सक्रिय छन् । त्यस्ता समूहलाई हामीले नियन्त्रणमा लिएका छौँ र लिन्छौँ पनि । जसले कानुनविपरीत काम गर्छ र मताधिकार जस्तो लोकतान्त्रिक प्रक्रियामा अवरोध गर्छ, तिनीहरूलाई नियन्त्रणमा लिएर कानुनी कारबाही गरिनेछ ।”

उनले एकफरक प्रसङ्गमा बाँके जिल्लामा कायम रहेको धार्मिक सहिष्णुताको प्रशंसा गर्दै गलत तत्वलाई समयमै पहिचान गरी रोकथाम गर्न यहाँको नेतृत्व सफल भएको बताए । सञ्चारकर्मीको जिज्ञासामा गृहमन्त्रीले 'जेनजी' आन्दोलनका बेला भएका घटनाको विस्तृत अध्ययन भइरहेको र त्यसका लागि सरकारले समय थप गरेकोसमेत जानकारी दिए ।

गृहमन्त्री अर्यालको भ्रमण टोलीमा गृहसचिव राजकुमार श्रेष्ठ, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याललगायत उच्चपदस्थ सुरक्षा अधिकारी छन् । गृहमन्त्री अर्याल सुदूरपश्चिम प्रदेशअन्तर्गतका बझाङ, बाजुरालगायत जिल्लाको सुरक्षा व्यवस्थासम्बन्धी स्थलगत जानकारी लिने क्रममा आज नेपालगञ्ज आइपुगेका हुन ।

## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं ।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं ।
- पर्याप्त निन्द्रा र आराम गरौं ।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं ।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं ।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं ।

**तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# पूर्णबहादुरको रणनैतिक चाल !

नेपाली कांग्रेस कर्णाली प्रदेश समितिले बिहिबार सुर्खेतमा आसन्न २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरेर चुनावीसभा आयोजना गऱ्यो। उक्त सभालाई कांग्रेस सभापति गगन थापाले सम्बोधन गरे। कांग्रेसका उम्मेदवारलाई जिताउन आयोजित उक्त चुनावी सभाको मञ्चमा कर्णालीका कांग्रेसीहरुले तत्कालिन कार्यवहाक सभापति पूर्णबहादुर खड्कालाई भने देख्न पाएनन्। कारण थियो, २३-२४ भदौको जेन-जी आन्दोलन। नेतृत्व हस्तान्तरणको विषय पेचिलो बनेपछि विशेष महाधिवेशनबाट सभापति चयन भएका थापासँगै खड्का पनि गृह प्रदेशमा आयोजित कार्यक्रममा आउने अपेक्षा आमकार्यकर्ताको थियो। उनीहरु चाहन्थे, थापाको मुखबाट खड्काको नाम आओस्, उनले पार्टी र सुर्खेतको विकासमा पुऱ्याएको योगदानको चर्चा होस्। तर थापाले सम्बोधनका कुनै पनि अंशमा खड्काको नामसम्म नलिएपछि उनको लाइनमा चल्ने नेता तथा कार्यकर्तालाई निराश बनाएको चर्चा छ। थापाले कांग्रेस एक ढिक्का भएर आएको उद्घोष गरेको सम्बोधनमा खड्काको नामै नलिइनुलाई विषेश महाधिवेशनसँगै जोडिएको आशंका उनीहरुमा छ। अन्य दलका शिर्ष नेताहरु पार्टीका उम्मेदवारलाई जिताउन रणनीतिकरुपमा मुभ भइरहदा कांग्रेसका तत्कालिन कार्यबहाक सभापति खड्का भने यति बेला मौन छन्। कांग्रेसमा चर्किएको नेतृत्व हस्तान्तरणको किचलोमा फसेका खड्का नैतिकरुपमा अघोषित चुनाव बहिस्कारमा देखिन्छन्।

महामन्त्रीद्वय थापा र शर्मा समूहले नेतृत्व गरेको २७-२९ पुसमा काठमाडौंमा सम्पन्न विशेष महाधिवेशनलाई निर्वाचन आयोगले वैधानिकता दिएपछि खड्का धर्म संकटमा परे। जेन-जी आन्दोलनपछिको असहज परिस्थितिमा देउवाले खड्कालाई पार्टीको कार्यवाहक सभापतिको जिम्मेवारी दिएका थिए। तर नेतृत्व रुपान्तरणको मुद्दा उठाएका महामन्त्रीद्वयलाई कमजोर ठानेर खड्काले निर्णायक भुमिका खेल्न सकेननन्। जसको साइड इफेक्ट झण्डै पाँच दशक बेदाग राजनीतिक प्रतिष्ठा बनाएका खड्का नैतिक हिसावले चुनावको रिङ्ग बाहिर छन्। खड्का मौन रहेपनि उनको निर्वाचन क्षेत्रमा उनका सहोदर भाई विष्णुबहादुर खड्का उम्मेदवार रहेकाले विशेष महाधिवेशनको असर झट्ट हेर्दा देखिएको छैन। सुर्खेत-१ मा खड्काका भाइ र २ मा शेखर कोइराला समूहका नेता हृदयराम थानीका विश्वास पात्र नारायण कोइराला उम्मेदवार रहेकाले महाधिवेशनको असर देखा नपरेको बताइन्छ। किन भने सुर्खेतमा उनै खड्का र थानीका बीच प्रतिष्ठाको लडाईँ हुने गरेका छ। यी दुई नेताको लडाईँका कारण प्रदेश र स्थानीय तहको निर्वाचन नै प्रभावित हुने गरेको विगतका अभ्यासहरुले देखाउँछन्। आफ्ना भाइलाई जिताउन थानीलाई चिढ्याएर सम्भव नहुने भएपछि खड्का मौन रहेपनि रणनैतिक मुभ भने जारी राखेका छन्।

खड्काले सार्वजनिक रुपमा मुख खोलेका छैनन्, तर कर्णालीमा चुनावमा होमिएको कांग्रेसलाई टेलिफोनमार्फत ढाडस भने दिइरहेको उनी निकटका नेताहरु बताउँछन्। पार्टीमा नेतृत्व रुपान्तरणको आवाजलाई दवाउन खोज्दा किनारा लागेका पूर्णबहादुरकै कारण नयाँ अनुहारले अवसर पाएका छन्। कांग्रेसको किचलो सतहमा नआएको भए अबको पाँच वर्ष पनि उनै सांसद बन्ने निश्चित थियो। उनी कांग्रेस पार्टीका लागि महत्वपूर्ण व्यक्ति हुन्। तर उनी जस्तै कांग्रेसका पुराना नेताका कारण केन्द्रदेखि तल्लो तहसम्म नेतृत्वमा भने जाम लागेको थियो। जसका कारण युवाहरुलाई नेतृत्वमा आउन निकै पापड बेल्नु पर्ने अवस्था थियो। कांग्रेसमा लामो समय बेदाग राजनीतिक प्रतिष्ठा बनाएका खड्कालाई खराब भन्न खोजिएको होइन। तर कांग्रेस होस् वा अन्य दलहरुमा जीवनभर पदमा बसिरहने परिपाटी भने गलत छ। यसर्थ, जीवनभर नेतृत्वमा टाँसिरहने संस्कृति नभई पूर्णबहादुर जस्ता अनुभवी र पाका नेताले समयको मागसँगै नेतृत्व हस्तान्तरणमा इमान्दारिता देखाउन सक्नु पर्दछ। कांग्रेस विशेष महाधिवेशनले दिने सन्देश पनि यही हो।

## आसन्न निर्वाचन :

# डिजिटल युगमा लोकतन्त्रको परीक्षण



✍ धर्मेन्द्र झा/रासस

कुनै ठूलै बिघ्नबाधा उत्पन्न नभए नेपाली मतदाताताले प्रतिनिधिसभा सदस्यको चुनाव गर्न आजको चौथौँ दिन अर्थात् २०८२ फागुन २१ गते बिहीबार मतदान गर्नेछन्। निर्वाचन आयोगले शुक्रबार (फागुन १४) पत्रकार सम्मेलनमार्फत निर्वाचन सुनिश्चितताबारे सबै सरोकारवालालाई आश्वस्त बनाउने प्रयत्न गरेको छ। आयोगले उम्मेदवार मनोनयनको प्रक्रिया सम्पन्न गरेर पछिल्लो समयमा कानुनी प्रक्रियाका आधारमा आचारसंहिता लागू गर्ने र मतदाता शिक्षालगायत कार्य गर्दैछ। यो निकै सकारात्मक छ। यति हुँदाहुँदै पनि सम्भावित चुनौतीबारे सबैले सचेत रहनु जरुरी छ।

समयसँगै भित्रिएको प्रविधिगत विकासले निम्त्याएको/निम्तिएको चुनौती त्यस्तै एक होभन्दा अन्यथा नठहरिएला। प्रविधिगत चुनौतीको कुरा गर्दा सर्वाधिक प्रमुख छ सञ्चार प्रविधि क्षेत्रको चुनौती। प्रविधिगत विकासका आयामलाई प्रत्येक अवस्थामा चुनौती मानिनु हुँदैन, होइन पनि। तर यिनको प्रयोग कुनै पनि व्यक्ति वा समूहले आफ्ना नीहित स्वार्थलाई सर्वोपरि मानेर अरुलाई नकारात्मक असर पर्नेगरी प्रयोग गर्ने मनसाय राख्छ वा प्रयोग गर्छ भने त्यसले निश्चित रुपमा चुनौती निम्त्याउँछ। यस अवस्थाबाट अर्थात् यस्तो चुनौतीबाट आसन्न निर्वाचनको प्रक्रिया पनि प्रभावित छैन वा हुँदैन भनेर भन्न सकिने अवस्था नरहन सक्छ। प्रविधिको सदुपयोगले मानव जीवनलाई सहज र सुविधासम्पन्न बनाउँछ भन्ने अपेक्षा र विश्वास गरिन्छ तर यो कुरा निश्चय पनि यसको प्रयोगको विधि र नियतमा भरपर्छ।

निर्वाचन लोकतन्त्रलाई थप मजबुत बनाउने, सामाजिक सद्भाव र वैचारिक सहअस्तित्वलाई गहिरो बनाउने अवसर पनि हो। आसन्न निर्वाचनका माध्यमबाट निषेध र अराजक सोचलाई विस्थापित गर्दै कानुनको शासन र सुशासनका पक्षमा नयाँ, जिम्मेवार सोचको उदय हुनुपर्छ र यसका लागि मतदाताको विवेकपूर्ण निर्णय अत्यन्तै महत्वपूर्ण हुन्छ। निश्चय पनि आसन्न चुनाव सचेत नागरिकको निर्णयले ऐतिहासिक बन्न सक्नुपर्छ। हामी सबैलाई जानकारी छ, प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा राजनीतिक गतिविधि तीव्र बन्दै गएका छन्। नागरिकलाई आफ्ना प्रतिनिधि छान्ने संवैधानिक अधिकार प्रदान गर्ने निर्वाचन लोकतन्त्रको सुदृढीकरणका लागि एक महत्वपूर्ण आधार हो।

माथि पनि चर्चा गरियो, यसपटकको निर्वाचनका सन्दर्भमा सूचना प्रविधिको विकास एक बलियो चुनौतीका रुपमा उपस्थित भएको छ। यसपटकको निर्वाचनमा परम्परागत प्रचारप्रसारसँगै डिजिटल प्लेटफर्म र अनलाइन स्पेसको प्रयोग अत्यधिक बढेको छ। यही बढ्दो डिजिटल प्रयोगसँगै केही गम्भीर चुनौती पनि सतहमा देखिएका छन्। जतिजति चुनाव नजिकिँदैछ, आफ्नै स्वार्थका लागि अरूको बदनाम गर्ने प्रवृत्ति पनि बढ्दो छ। यस कार्यमा सूचना प्रविधिको प्रयोग गरिँदैछ र डिजिटल स्पेसलाई माध्यम बनाइँदैछ। फेक खबर, डिपफेक भिडियो, घृणा फैलाउने सामग्री अहिले कुनै पनि मतदाताका मोबाइलमै आइपुग्न सक्छन्। मतदातासामु भावनामा बगेर नझुक्किने चुनौतीको सामाना गर्ने बाध्यात्मक अवस्था आइपर्न सक्छ। विचारणीय छ, आफ्नो मोबाइलसम्म अनपेक्षित, अनिच्छित र अवाञ्छित रुपमा आइपुगेका सूचनालाई पुष्टि गरेर मात्र प्रयोग गर्ने वा नगर्ने अतिरिक्त मानसिक दबावमा छन् मतदाता।

आजका मतदाता कुनै पनि सूचनामाथि त्यतिकै सरल र सहज रुपमा विश्वास गरिहाल्नसक्ने अवस्थामा छैनन्भन्दा असत्य ठहर्दैन। निश्चय पनि अप्रमाणित कुराका आधारमा धारणा बनाउनु उचित हुँदैन। इन्टरनेटमा आधारित माध्यमको प्रयोग गरेर स्वार्थ समूहले फैलाएको 'प्रोपोगण्डा'को उपस्थितिमा मतदाता दिग्भ्रमति हुनसक्ने अवस्थामा छन् र उनीहरु उचित निर्णय लिने क्रममा अत्यन्तै सकसपूर्ण अवस्थाको सामाना गर्न बाध्य छन्। मतदाताले सचेत अवस्थामा उचित निर्णय गर्न नसकेको अवस्थामा गलत सूचनाले हाम्रो लोकतन्त्रलाई नै भ्रमित बनाउन सक्छ।

प्रविधिको प्रयोग नराम्रो होइन तर दुरुपयोग भने नराम्रो हो। यो आलेख तयार गर्ने सन्दर्भमा पनि एआई (कृत्रिम बौद्धिकता)लगायतका सूचना प्रविधिसम्बद्ध संयन्त्रहरुको सहयोग लिने प्रयत्न गरिएको छ। केही प्रश्न सोधेर उत्तर खोज्ने र सही विश्लेषणको प्रयत्न भएको छ। उद्देश्य आममतदाताको हित रक्षा हो। यसलाई नकारात्मक मान्न नसकिएला, तर यही संयन्त्रलाई प्रयोग गरेर कसैले गलत सूचनामा आधारित विश्लेषण प्रस्तुत गरेर मतदातालाई आफ्नो स्वार्थ अनुकूल प्रभावित गर्ने उद्देश्य राख्दछ भने निश्चय पनि त्यो गलत हो।

डिजिटल स्पेसले विगतको निर्वाचन प्रचारको शैलीलाई नै परिवर्तन गरेको छ। वर्तमानको डिजिटेल स्पेसले विगतका निर्वाचनमा प्रयोग हुने गरेको पर्चा, पोस्टर-पम्प्लेटको स्थान, स्वरुप र शैलीमा परिवर्तन गरेको छ। यी सबै कार्य अहिले डिजिटल प्लेटफर्ममार्फत हुन थालेका छन्।

त्यस्तै विगतको भित्तेलेखनले पनि कुनै न कुनै रुपमा डिजिटल स्पेसमा स्थान सुरक्षित गरेको छभन्दा अन्यथा ठहर्दैन। विगतमा घरदैलो कार्यक्रम, आमसभा, सञ्चारमाध्यम मुख्य प्रचार माध्यम हुन्थे भने अहिले सामाजिक सञ्जाल, अनलाइन न्यूज पोर्टल, भिडियो प्लेटफर्म, म्यासेजिङ एप र एआई प्रविधिको प्रयोगले प्रचारको स्वरूप नै परिवर्तन गरिदिएको छ। कसैको पनि असहमति नहोला, वर्तमानमा फेसबुक, टिकटक, युट्युब, एक्स (ट्विटर)जस्ता प्लेटफर्महरू राजनीतिक बहस र प्रचारका प्रमुख माध्यम बनेका छन्। आसन्न निर्वाचन पनि अपवाद बन्ने कुरा भएन। उम्मेदवार र दलहरूले मतदातासम्म छिटो र प्रत्यक्ष रुपमा पुग्न डिजिटल माध्यमलाई प्राथमिकता दिएका छन्। यसले सूचना पहुँच सहज बनाएको छ र युवापुस्ताको सहभागिता पनि बढाएको मान्न सकिएला तर यसै उपक्रममा अनेक जटिलता पनि थपिएका छन्। सकारात्मक पक्षसँगै नकारात्मक पक्ष पनि उत्तिकै देखिन थालेका छन्।

डिजिटल स्पेसमा मिथ्या सूचना, दुराशययुक्त सूचना र अफवाहहरूको बाढी आएको छ। कतिपय अवस्थामा झुटा भिडियो, फोटो सम्पादन, एआईमार्फत बनाइएका नक्कली आवाज, भ्रामक तथ्याङ्क आदिको प्रयोग गरी मतदातालाई भ्रमित पार्ने प्रयास भइरहेको देखिन्छ। यसले आममतदाताको मनोविज्ञानमा प्रभाव पार्छ, उनीहरूलाई अन्योलमा पार्छ र गलत निर्णय लिन प्रेरित गर्न सक्छ। माथि पनि चर्चा गरियो उचित निर्णयको अभावमा समग्र लोकतन्त्र नै प्रभावित हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। निर्वाचन आयोग यस सम्भावनाप्रति सचेत छ र आवश्यक पहल गरिरहेको छ तर आयोग मात्रैको प्रयासले यो कार्यमा सायद पूर्णतः सफलता प्राप्त गर्न कठिन हुन सक्छ। सबैको सहयोग अपेक्षित छ।

एल्गोरिदमद्वारा सिर्जित हुने 'इको चेम्बर' डिजिटल प्लेटफर्मको अर्को चुनौती हो। सामाजिक सञ्जालले प्रयोगकर्तालाई उनीहरूले रुचाएका वा पहिले हेरेका वा प्रयोग गरेका जस्तै सामग्री बारम्बार देखाउँछ। यसले व्यक्ति एउटै विचारधारामा सीमित हुने र फरक दृष्टिकोण सुन्न नचाहने अवस्था सिर्जना गर्छ। यस अवस्थामा स्वस्थ बहस र सहिष्णु संवादको संस्कृति कमजोर हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। मतदाताले बहुआयामिक सूचना पाउन नसक्दा स्वतन्त्र निर्णय गर्ने क्षमतामा असर पर्न सक्छ।

आयोगका अनुसार शुक्रबारसम्म स्वच्छ निर्वाचन प्रभावित पार्ने उद्देश्यले निर्माण गरिएका ६१२ वटा 'टक्सिक सूचना सामग्री'लाई कारबाही गरिएको छ। आयोगका अनुसार विभिन्न नियामक निकायसँगको समन्वयमा त्यस्ता 'टक्सिक सूचना सामग्री'लाई कारबाही गरिएको हो। आयोगको कारबाहीमा परेका त्यस्ता 'टक्सिक सूचना सामग्री'मध्ये ५४ प्रतिशत एआई निर्मित छन्। यस सन्दर्भमा एउटा कुरा मननीय छ, त्यो के भने कारबाही गरिएका उक्त परिमाणका 'टक्सिक' सूचना सामग्री निर्वाचन आचारसंहिता लागू भएपछिका दिनका हुन्। निर्वाचन तिथि घोषित भएकै मितिदेखि दल, उम्मेदवार र मतदातालाई लागिसकेको पृष्टभूमिमा यस्ता मिथ्या सूचना कति प्रवाहित भएका होलान् ? निश्चय पनि यकीन गर्न सकिँदैन।

यतिमात्र होइन, डिजिटल स्पेस असुरक्षित बन्दै गएको आँकलन गरिएको छ। जानकारहरुका अनुसार व्यक्तिगत डाटा चोरी, गोपनीयता उल्लङ्घन, ट्रोलिङ, साइबर दुर्व्यवहार र घृणात्मक अभिव्यक्तिजस्ता समस्या पछिल्ला समयमा बढेका छन्। यस्तोमा यी समस्याको उपस्थितिमा राजनीतिक प्रतिस्पर्धा तीव्र हुँदा अनलाइन आक्रमण र चरित्र हत्या गर्ने प्रवृत्ति बढ्न सक्छ। यस्तो वातावरणमा आममतदाताले मानसिक दबाब महसुस गर्न सक्छन्। लगातार नकारात्मक सन्देश, उत्तेजक सामग्री र भय पैदा गर्ने सूचनाले तनाव र असुरक्षा बढाउनु स्वाभाविक हो। अहिलेको अवस्थामा यो प्रवृत्ति हाबी हुन खोजेको छ भन्नु असङ्गत हुँदैन। भोलि १८ गतदेखि मौन अवधि सुरु हुँदैछ। यस अवधिमा परिचित वा अपरिचित डोमेनबाट डिजिटल स्पेसमार्फत हस्तक्षेप बढाउने प्रयास हुनसक्छ। अतः यस अवधिमा डिजिटल स्पेसको अनुगमन अझै सावधानी अपनाउनु अपरिहार्य छ।

एआइ प्रविधि स्वयंमा सकारात्मक सम्भावना बोकेको साधन हो। यसलाई मतदाता शिक्षा, तथ्य परीक्षण, सूचना विश्लेषण र पारदर्शिता बढाउन प्रयोग गर्न सकिन्छ। तर हाल एआईको नकारात्मक प्रयोग बढी हुन थालेको आशङ्का छ। उदाहरणका लागि, एआईमार्फत नक्कली भिडियो वा अडियो बनाएर उम्मेदवारको छवि बिगार्ने प्रयास, गलत उद्धरण फैलाउने वा सामाजिक विभाजन बढाउने सामग्री उत्पादन गर्नेजस्ता गतिविधि हुन सक्छन्। निश्चय पनि यसबाट लोकतान्त्रिक प्रक्रियामा प्रत्यक्ष असर पर्न सक्छ।

लोकतन्त्रको मूल आत्मा भनेको स्वतन्त्र, सूचित र विवेकी मतदाताको निर्णय हो। मतदाता भ्रमित भए, मानसिक दबाबमा परे वा गलत सूचनाबाट प्रभावित भए भने निर्वाचनको निष्पक्षता र विश्वसनीयता कमजोर हुन सक्छ। त्यसैले डिजिटल स्पेसमा फैलिने मिथ्या तथा दुराशययुक्त सूचनालाई नियन्त्रण गर्नु आवश्यक छ। यसका लागि राज्य, राजनीतिक दल, सञ्चारमाध्यम, प्रविधि कम्पनी र नागरिक सबैको साझा जिम्मेवारी हुन्छ।

सारमा, यो अवस्था रोकिनु आवश्यक छ। निर्वाचन केबल राजनीतिक प्रतिस्पर्धा मात्र होइन, लोकतन्त्रको आधारशिला हो। स्वतन्त्र चिन्तन र निर्णय गर्ने मतदाताको अधिकारको सुरक्षा गर्नु राज्यको दायित्व हो। डिजिटल प्रविधि लोकतन्त्रलाई सशक्त बनाउने माध्यम बन्नुपर्छ, कमजोर पार्ने हतियार होइन। यसको सकारात्मक प्रयोगलाई प्रोत्साहन गर्दै नकारात्मक दुरुपयोगलाई नियन्त्रण गर्न सकिएमा मात्र निर्वाचन प्रक्रिया स्वच्छ, निष्पक्ष र विश्वसनीय बन्न सक्छ, यसमा विमति हुन सक्दैन। यस्तोमा प्रतिनिधिसभा निर्वाचन केबल प्रतिनिधि चयन गर्ने अवसर मात्र होइन, डिजिटल युगमा लोकतन्त्रको परीक्षण गर्ने औजार पनि हो। डिजिटल स्पेसलाई सुरक्षित, विश्वसनीय र जिम्मेवार बनाउन सकियो भने मतदाताको स्वतन्त्रता सुरक्षित रहन्छ र लोकतन्त्र अझ सुदृढ बन्ने सुनिश्चित हुन्छ।

*(लेखक राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुन्।)*

## विश्व

# बम हमलाको धम्कीपछि अस्ट्रेलियाका प्रधानमन्त्रीलाई सारियो



**सिड्नी, १७ फागुन।**

बम हमलाको धम्कीपछि अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजलाई उनको आधिकारिक निवासबाट बाहिर निकालिएको विवरण सार्वजनिक भएको छ। मंगलबार भएको उक्त घटनामा उनलाई केही घन्टासम्म छुट्टै स्थानमा लगिएको थियो। अस्ट्रेलियाली संघीय प्रहरीले (एएफपी) एक विज्ञप्तिमा भनेको छ, 'समुदाय वा सार्वजनिक सुरक्षाका लागि हाल कुनै खतरा छैन।'

अल्बानिजलाई साँझ ६ बजे उनको आधिकारिक क्यानबेरा निवास द लजबाट सारिएको थियो। त्यतिवेला अनुसन्धान भइरहेको थियो। निरीक्षण सकिएपछि उनलाई पछि राति ९ बजे साविककै स्थानमा सारिएको थियो। गार्जियन अस्ट्रेलियाको रिपोर्टअनुसार उनको आवासमा विस्फोट गर्ने धम्की दिइएको थियो। प्रधानमन्त्रीको कार्यालयले एबिसीलाई भनेको छ कि उनीहरू प्रहरीमाथि विश्वास गरेको उनीहरूको कामका लागि धन्यवाद दिएको छ।

अस्ट्रेलियाली संघीय प्रहरी (एएफपी) संघीय सांसद द लज र संसद भवनजस्ता केही राष्ट्रमण्डल भवनको सुरक्षाका लागि जिम्मेवार छ। यद्यपि, अस्ट्रेलियामा राजनीतिज्ञले जेसुकै अडान लिए पनि उनीहरूलाई धम्की दिने क्रम बढेको छ। गत वर्ष सांसदहरूविरुद्ध उत्पीडन, उपद्रव र आपत्तिजनक र धम्कीपूर्ण एक हजार रिपोर्ट आएका एएफपीले पुष्टि गऱ्यो। मंगलबारको घटनाअघि अल्बानिजले सरकारले पूर्वराजकुमार एन्ड्र्युलाई शाही उत्तराधिकारको रेखाबाट हटाउन आफ्नो समर्थनबारे राष्ट्रमण्डल क्षेत्रलाई पत्र लेखिरहेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| राशि | फल |
|---|---|
| मेष | आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ। पहिलेका सम्झौता तोड्नुपर्नेछ। |
| वृष | नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ। |
| मिथुन | छोटो समयमा फाइदा उठाउन सकिनेछ। अध्ययन, लेखन तथा मनोरञ्जनमा समय बित्नेछ। बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। |
| कर्कट | पहिलेको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। |
| सिंह | छिमेकमा असमझदारी बढ्ने हुँदा होसियारीसाथ काम लिनुहोला। आफ्नो धनमालमा अरूले दाबी गर्न सक्छन्। |
| कन्या | मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। |
| तुला | प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। सामाजिक कार्य गर्न सकिनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। |
| वृश्चिक | मेहनत गर्दा भाग्योन्नतिको समय छ। समुदायको हितमा केही राम्रै काम गर्न सकिनेछ। धार्मिक र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ। |
| धनु | स्वास्थ्य प्रतिकूल रहने सम्भावना छ, आहारविहारमा ध्यान पुर्याउनुहोला। सानातिना काममै अलमलिनाले ठूलो उपलब्धि नहुन सक्छ। |
| मकर | हडबडले काम बिग्रनेछ भने धैर्य एवं मेहनतले मनग्य आम्दानी दिलाउनेछ। साथीभाइको सहयोग र उपहारसमेत पाइनेछ। |
| कुम्भ | शत्रुहरू स्वतः किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। |
| मीन | श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। |

# जैविक मार्गमा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण प्रयास
# आयआर्जन र लघु घर बिमाबाट स्थानीयलाई टेवा

**सरला सुवेदी**
**बर्दिया, १७ फागुन ।** खाता जैविक मार्ग हुँदै वन्यजन्तुको आवागमन बढ्दै जाँदा स्थानीय बासिन्दाले अन्नबाली, पशुपालन र घरमा क्षति भोग्दै आएका छन् । मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सरकार तथा विभिन्न संस्थाले वैकल्पिक आयआर्जन र सुरक्षात्मक कार्यक्रम सञ्चालन गर्दै आएका छन्, जसले स्थानीयको जीविकोपार्जनमा उल्लेखनीय टेवा पुऱ्याएको छ ।

मधुवन नगरपालिका–३ स्थित खाता संरक्षित क्षेत्रले बर्दिया राष्ट्रिय निकुञ्जलाई भारतको कतर्नियाघाट वन्यजन्तु आरक्षसँग जोड्ने जैविक मार्गको काम गर्छ । यही मार्ग हुँदै नेपाल–भारत वन्यजन्तु ओहोरदोहोर गर्ने भएकाले मध्यवर्ती क्षेत्रमा अन्नबाली र मानवीय क्षति बढ्ने गरेको छ ।

मधुवन–३ भगरैयाका सुमन गिरीका अनुसार जैविक मार्ग घोषणा हुनुअघि यहाँ पर्याप्त अन्नबाली उत्पादन हुन्थ्यो । "करिडोर घोषणा भएपछि वन्यजन्तुको संख्या बढेको छ । बाली लगायो भने सखाप पार्छन्," उनले भने, "त्यसैले अहिले माछापालनतर्फ लागेर आम्दानी गरिरहेको छु ।"



**सुरक्षित खोर र सीपमूलक तालिमले राहत**

पहिले सुरक्षित खोरको अभावमा चितुवाले बाख्रा र बंगुर मार्ने गरेको मधुवन–३ की शर्मिला थारु बताउँछिन् । "मेरै तीन बंगुर र चार बाख्रा चितुवाले मारेको थियो," उनले भनिन्, "अहिले सुरक्षित खोर बनाएपछि क्षति घटेको छ ।" बस्ती नजिक चितुवाको उपस्थिति अझै देखिए पनि सुधारिएको खोरले जोखिम कम गरेको स्थानीयको भनाइ छ ।

स्थानीयले वन संरक्षणलाई निरन्तरता दिँदै आएका छन् । खाताका कर्णबहादुर थारुले वन जंगल दैनिक जीवनसँग जोडिएको उल्लेख गर्दै वन्यजन्तु बस्ती पस्न नदिन प्रभावकारी नीति र तारबार आवश्यक रहेको बताए ।

खाता सामुदायिक वन समन्वय समिति अन्तर्गत ३६ सामुदायिक वन र तीन धार्मिक वन रहेका छन् । उपाध्यक्ष भदै थारुका अनुसार बेरोजगार युवालाई स्वरोजगार बनाउन चिप्स र मिठाइ बनाउने, प्लम्बिङ, टायल जडान, कपाल काट्ने, ड्राइभिङ र साइकल मर्मतजस्ता सीपमूलक तालिम सञ्चालन गरिएको छ । वन्यजन्तुबाट अन्नबालीमा हुने क्षति कम गर्न माछापालन, बेसार र मेन्था खेतीमा समेत सहयोग गरिएको छ । यद्यपि मेन्था र बेसारको बजारीकरणमा समस्या देखिएको उनले बताए ।

**लघु घर बिमाबाट क्षतिपूर्ति**

खाता जैविक मार्ग हुँदै आउने जंगली हात्तीले घर भत्काउने समस्या बढेपछि तराई भू–परिधि तथा संरक्षण कार्यक्रम, कोहलपुरको आर्थिक सहयोगमा तीन वर्षदेखि लघु घर बिमा कार्यक्रम सञ्चालनमा छ । खाता सामुदायिक वन समन्वय समितिका अध्यक्ष हरि गुरुङका अनुसार मधुवन–१ देखि ५, राजापुर नगरपालिका–१० र ठाकुरबाबा नगरपालिकाका केही वडाका ४ हजार ६ सय ८४ घरधुरीको बिमा गरिएको छ ।

आर्थिक वर्ष २०७९/०८० यता जंगली हात्ती र दैवीप्रकोपबाट क्षति भएका ३० घरधुरीलाई ७ लाख ९४ हजार ८४ रुपैयाँ राहत उपलब्ध गराइएको छ । प्रतिघरधुरी ९५ रुपैयाँ शुल्क लाग्ने यस कार्यक्रममा हालसम्म १३ लाख ३४ हजार ९ सय ४० रुपैयाँ सहयोग प्राप्त भएको अध्यक्ष गुरुङले जानकारी दिए ।

**महिलामा उद्यमशीलता**

मधुवन–३ की समिना चौधरीले सीपमूलक सहयोगपछि सिलाइकटाइबाट मासिक करिब २५ हजार रुपैयाँ आम्दानी गरिरहेकी छन् । १३ वर्षअघि सीप सिके पनि लगानी अभावका कारण व्यवसाय विस्तार गर्न नसकेकी उनले खाता समन्वय समितिबाट मेसिन, इन्टरलक र आइरन पाएपछि सहज भएको बताइन् । थारु समुदायका महिलाले लगाउने एक जोडी लेहङ्गा–चोलिया सिलाउँदा ८ हजार रुपैयाँ पारिश्रमिक लिने र एक जोडा तयार गर्न पाँच दिन लाग्ने उनले जानकारी दिइन् ।

स्थानीय सरकार र संरक्षण संस्थाको सहकार्यमा सञ्चालन भएका सुरक्षित खोर, लघु घर बिमा, सीपमूलक तालिम र वैकल्पिक खेतीजस्ता कार्यक्रमले मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणसँगै स्थानीयको आयआर्जनमा सकारात्मक प्रभाव पारेको सरोकारवालाहरू बताउँछन् ।

# हरेक निर्वाचनमा लालपुर्जाको आश्वासन

**युग संवाददाता**
**कैलाली, १७ फागुन ।** दुई दशकदेखि कैलालीको टीकापुरको एकतानगर सुकुम्बासी शिविरमा बस्दै आएका राजु विकको चाहना एउटै छ लालपुर्जासहितको जग्गा प्राप्ति । जग्गाजमिन नभएर वर्षौंदेखि घरबासको आशामा बसेका उनको त्यो आशा अझै पूरा हुनसकेको छैन । पटकपटक लालपुर्जाको आश्वासन पाउँदै आएका उनको सपना पूरा गर्न कसैले सकेका छैनन् ।

वि.सं. २०६४ देखि हरेक निर्वाचनका बेला लालपुर्जासहितको आवास उपलब्ध गराउने बताएका राजनीतिक दल, नेता तथा उम्मेदवारहरू हरेक निर्वाचनमा रित्तो बस्तीमा फर्किँदा राजु मन खिन्न हुने गरेको बताउँछन् । हरेक निर्वाचनमा भोट बटुल्न सबै उम्मेदवारले प्रमुख एजेन्डा बनाए पनि पूरा गर्ने उम्मेदवार कोही नभएको उनको धारणा छ । "अघिपछि सुनसान हुने सुकुम्बासी बस्तीमा यतिबेला निकै चहलपहल छ । एकपछि अर्को राजनीतिक दल र उम्मेदवार बस्तीमा आश्वासन बाड्दै भोट माग्दै आउनुहुन्छ", उनी भन्छन्, "हामीले प्रश्न गर्दा उम्मेदवारसँग विश्वास गर्ने जवाफ हुँदैन । वर्षौंदेखिको जवाफ लालपुर्जा दिनेमात्रै हो । त्यो जवाफले सार्थकता नपाउँदा कति वर्ष त्यसैगरी बस्नुपर्ने हो भन्ने चिन्ताले सताउँछ ।"

लालपुर्जा पाउने आसमा वर्षौंदेखि भूमिहीन, सुकुम्बासी, दलित र अव्यवस्थित बसोबासीहरूले हरेक निर्वाचनमा मतदान गर्दै आएका छन् । जिल्लाको तथ्याङ्क हेर्दा पनि झन्डै डेढ लाख परिवार भूमिहीन सुकुम्बासी, दलित र अव्यवस्थित बसोबासीले उम्मेदवारले आश्वासन दिएकै भरमा ती उम्मेदवारलाई जिताउँदै आएको विगतका निर्वाचनले पनि पुष्टि गर्दै आएको छ । घोषणापत्रमा भूमिहीन सुकुम्बासी, दलित र अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा दिने एजेन्डालाई प्राथमिकतामा राखेर उम्मेदवारहरू कैयौँपटक चुनाव जिते पनि सुकुम्बासीको पुर्जा पाउने सपना पूरा हुनसकेको छैन ।

दुई दशक अगाडि बाजुरामा पहिरोका कारण विस्थापित भएर टीकापुर सुकुम्बासी शिविरमा बस्दै आउनुभएकी बालिका सिंहलाई उम्मेदवारको आश्वासनमा कत्ति पनि भरोसा छैन । वर्षौंदेखि लालपुर्जाको आश्वासन दिएर गएका नेता चुनावको समयमा मात्रै मुख देखाउन आउने गरेको उनको भनाइ छ । "आजभोलि भोट चाहिने हुँदा आउनेजाने भएको छ ।" उनी भन्छन्, "बर्खाको समयमा हिलाम्मे सडक बन्दा, माटोका घर डुब्न लाग्दा कोही आउँदैनन् । चुनाव सकिएपछि जनतालाई के समस्या छ भनेर कोही आउँदैन ।"

गर्मीयाम सुरु भएसँगै शिविर बस्तीमा हुरीबतासले घरसँगैका सुकेका रुख कतिबेला घरमा बजारिन्छन् भन्ने त्रासले रातभर जाग्राम बस्नुपर्ने पीडा जीवितै रहेको त्यस क्षेत्रका नागरिकको गुनासो छ । "घरका अगाडि ठूला सुकेका रुख कतिबेला ढल्छन् थाहा हुँदैन । हुरीबतास आएका बेला त्यसैगरी रुख ढलेर बर्सेनि मान्छेको ज्यान गइरहेको छ", बिन्द्रा चौधरी भन्छन्, "पीडा सुनाऊ भने कति छन् कति, सुनिदिने कोही छैन । त्यो पीडा सम्बोधन गरिदिने कोही छैन । सबैलाई आफ्नै स्वार्थ पूरा गर्नुछ ।"

गत वर्ष एकतानगर शिविरमा बस्दै आउनुभएकी जवारा विकको घर अगाडिको रुख हुरीबतासले ढल्यो । धन्न दिउँसोको समयमा सुकेको रुख ढलेका कारण कुनै मानवीय क्षति भने भएन । घरमाथि परेका रुखका हाँगा काटेपछि जवाराका श्रीमान्ले जेल जानुपऱ्यो । "घरमाथी परेका रुखका हाँगा काट्दा मेरो श्रीमान्ले जेल जानुपरेको थियो । रु दुई लाख जरिवाना तिर्नुपऱ्यो", जवारा भन्छन्, "त्यो पीडा आज पनि ताजै छ । हाम्रो पीडा सुनिदिने कोही भए त त्यसबेला भन्न सक्थे होलान् । अप्ठ्यारो परेका बेला आफ्नो कोही हुँदैनन् ।"

टीकापुर नगरपालिकाभित्र नौवटा सुकुम्बासी, मुक्तकमैया शिविर छन् । लगभग पाँच हजार घरपरिवार त्यहाँ बसोबास गर्दै आएको छ । ती बस्तीमा यसभन्दा पहिलेका निर्वाचनमा उठाउँदै आएका चुनावी एजेन्डा यसपटक उम्मेदवारले फेरेका छन् । विसं २०७९ को निर्वाचनमा बसोबास गर्दै आएकै क्षेत्रमा पाँच कट्ठासम्म जग्गा उपलब्ध गराउने आश्वासनसहित सम्झौता गरेका राजनीतिक दलले यसपटक भने आवश्यक कानुन संशोधन गरेर सुकुम्बासी मुक्तकमैयालाई लालपुर्जा वितरण गर्ने रणनीति अपनाएका छन् । प्रमुख राजनीतिक दलका उम्मेदवारले आफ्नो चुनावी घोषणापत्रमा कानुनी प्रक्रिया पूरा गरेर सुकुम्बासी मुक्तकमैयालाई जग्गा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै आएका छन् ।

## वनहरा शिविरका भूमिहीन भन्छन्:
# 'सुरक्षित आवास सुनिश्चित हुनुपर्छ'

**युग संवाददाता**
**कञ्चनपुर, १७ फागुन ।** प्रतिनिधिसभा सदस्य निर्वाचन आउन चार दिन बाँकी रहँदा कञ्चनपुरको वनहरा शिविरका भूमिहीन सुकुम्बासी परिवारले हरेक निर्वाचनमा उम्मेदवारले वाचा गर्ने तर पूरा नगर्ने प्रवृत्ति रहेको बताएका छन् ।

तीन दशकभन्दा बढी समयदेखि पूर्व–पश्चिम राजमार्गसँगै जोडिएको सामुदायिक वन क्षेत्र नजिक अस्थायी टहरामा बस्दै आएका परिवारले उम्मेदवारसँग यसपटक जग्गाको स्वामित्वसहितको सुरक्षित आवास सुनिश्चितताको माग गरेका हुन् ।

हरेक निर्वाचनमा विभिन्न पार्टी र स्वतन्त्र उम्मेदवार शिविरमा पुगेर लालपुर्जा दिलाउने, सुरक्षित बसोबास गराउने, व्यवस्थित आवास योजना ल्याउने आश्वासन दिएर फर्कने गरेका भन्दै निर्वाचन सकिएपछि ती वाचा कागजमा सीमित हुने गरेका शिविरवासी बताउँछन् ।

"हामीलाई भोटबैंकका रूपमा उम्मेदवारले वर्षौंदेखि प्रयोग गर्दै आएका छन्", मानध्वज लुहारले भने, "तर हाम्रो समस्या समाधान गर्न कोही आउँदैनन् ।" शिविरमा करिब तीन दशकदेखि बसोबास गर्दै आएका भूमिहीन परिवार अझै पनि कानुनी स्वामित्वबिना त्रिपाल र रुखका पात राखेर बनाइएका झोपडीमा कष्टकर जीवन बिताउन बाध्य छन् ।

पूर्व–पश्चिम राजमार्गको छेउमा बसोबास गर्दा सवारी दुर्घटनाको जोखिमका साथै सामुदायिक वन क्षेत्र नजिक रहेकाले जङ्गली जनावरले आक्रमण गर्ने खतरा पनि बढेको कलावती दमाईंले बताए । जङ्गली वन्यजन्तु रातको समयमा बस्ती नजिक आउने र आक्रमण गर्ने गरेका उनले उल्लेख गरे ।

"राति बाहिर निस्कन दिन डर लाग्छ", दमाईंले भने, "हात्ती र बाघ आयो भने भाग्ने टाउँ छैन, सहयोगका लागि कसलाई बोलाउने ? वन क्षेत्र नजिकको बस्ती भएकाले सुरक्षाको स्थायी व्यवस्था छैन । राजमार्ग छेउ र नदी किनार नजिक बसोबास गर्दा वर्षायाममा बाढीले बगाउने डर पनि उत्तिकै छ ।"

बस्ती व्यवस्थित नभएकाले सामान्य पानी पर्दा घरभित्र डुवान पर्ने समस्या रहेको माघी रावतले बताए । गर्मीका बेला त्रिपालको झोपडीमा बस्न नसकेर नदीमाथिको पुलमुनि केही परिवार डोरीका खटिया राखेर सुत्नुपर्ने बाध्यता रहेको उनले अनुभव सुनाए ।

"हामीलाई शिक्षा, स्वास्थ्य, सुरक्षित आवाससँगै भरपर्दो रोजगारीको आवश्यकता छ, तर अधिकार कहिले पाउँछौं ?", रावतले प्रश्न गरे । अधिकांश भूमिहीन परिवार दैनिक ज्यालादारी र मजदुरीमा निर्भर छन् । घरका युवा भारतमा कुल्ली र दरवानको काम गर्दै आएका छन् । स्थायी आम्दानीको स्रोत नभएकाले छोराछोरीको शिक्षा, स्वास्थ्य र पोषणमासमेत असर परेको रावतले जानकारी दिए ।

**Chaurjahari Municipality**
**Office of the Municipal Executive**
**Rukum (West)**

**Invitation for Bids (IFB)**

**Date of publication: 2082/11/18**

1. Chaurjahari Municipality invites electronic bids from eligible bidders for the procurement of Goods under National competitive bidding – Single Stage Single Envelope procedures, mentioned in the table below

| | Description Of Work | Contract ID | Bid Security (NRs) | Bid Validity Period | Bid document Fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | Procurement of Supply and Delivery of Bee Hive for Chaurjahari Municipality, Rukum (West) | CJM/GOODS/NCB/03/082/083 | 263000.00 | 90 Days From Bid Opening | 3000 |

2. Elligible bidders may obtain further information from PPMO's website:www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**Godawari Municipality**
**Office of the Municipal Executive**
**Sudurpaschim Province,**
**Attariya, Kailali**

**Invitation for Online Bids**

**First date of publication: 2026-03-02 A.D (2082/11/18 B.S.)**

1. Godawari Municipality, Office of the Municipal Executive.Attariya Kailali invites electronic bids only from Nepalese eligible bidders for the contracts named below.
2. Bidder should deposit the cost of bidding document in the office's revenue account as specified below.
**Name of the Bank: NIC Asia Bank Ltd., Attariya,Kailali.**
**Name of the Office: Godawari Municipality,Office of the Municipal Executive.**
**Office Dharauri Account no: 7141498622524001.**
**Rajashwo (Revenue) Account no: 0712051498622011.**
3. The detail of works are as follows.

| Contract no./ID | Description of Works | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|
| GM/SQ/G/2082/083/01 | Supply and delivery of Free Medicine For Malakheti Hospital. | 50,000.00 | 1,000.00 |

Eligible Bidders may obtain all further information at the office of Municipality Executive, Telephone no: 091-508002 or may visit PPMO website http://www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**गोदावरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**अत्तरिया, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**शिलवन्दी दरभाउपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/११/१८**

यस गोदावरी नगरपालिकाबाट मिति २०८२/१०/२६ गते रास्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गोदावरी नगरपालिकाको आ व २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनतर्गत ढल निकास र सडक कालोपत्रेका योजनाहरु सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना बमोजिम निर्धारित समय अवधि भित्र रित पुर्वक दर्ता भएका दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमको दरभाउपत्रदाताले पेश गरेको बोलपत्र सारभुतरुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित देखिएको हुँदा स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | ठेक्का नं. | बोलपत्रदाताको नाम | कबोल अंङ्क (मू.अ.कर र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | construction of RCC drain at Shivnagar tole ward no 2 Contract No :(GM/SQ/W/2082/83/01) | M/S Shahi construction Dhangadhi 5 Kailali | 12,78,248.75 | |
| २. | Construction of RCC drain at Gaudi chowk to west ,ward no 6 Contract No :(GM/SQ/W/2082/83/02) | M/S Kaveri Construction Dhangadhi 1 Kailali | 14,83,940.84 | |
| ३. | construction of blacktop road at community building way ward no 2 Contract No :(GM/SQ/W/2082/83/05) | M/S Mahesh Developers Group (P) Ltd.Lamkichuha 5 kailali | 18,63,708.07 | |

**प्रमुख प्रशासकीय अधिकृत**

निर्वाचन ३ दिन बाँकी :

## निर्वाचनका दिन यसरी मिलाइएको छ पासको व्यवस्था

**युग संवाददाता**
**काठमाडौँ, १७ फागुन ।** निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका दिन विभिन्न सवारीसाधनलाई भने कुनै प्रकारको पास आवश्यक नपर्ने स्पष्ट पारेको छ। यही फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ।

आयोगले सवारीसाधन सञ्चालनसम्बन्धी व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित र अत्यावश्यक सेवामैत्री बनाउन सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२ अनुरुप पास आवश्यक नपर्ने उल्लेख गरेको छ। आयोगबाट नेपाल सरकारलाई देहायबमोजिमका सम्बन्धित प्रयोगकर्ताले मात्र प्रयोग गर्ने र असम्बन्धित यात्रु नबोक्ने सवारीसाधनलाई पास आवश्यक नपर्ने व्यवस्था मिलाउन सिफारिस गरिएको उल्लेख गरिएको छ।

आयोगले दमकल, एम्बुलेन्स, शववाहन खानेपानीका, दूध, फलफूल, तरकारी, माछा, मासु, पेट्रोलियम पदार्थ बोकेका सवारीसाधनलाई कुनै प्रकारको पास आवश्यक पर्नेछैन। दूरसञ्चार सेवा, खानेपानी, विद्युत्, ढल मर्मतका लागि प्रयोग हुने सवारीसाधन, अस्पताल सेवाका सवारीसाधन (अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई घरदेखि अस्पताल र अस्पतालदेखि घरसम्म आवतजावत गर्न) पास आवश्यक नपर्ने आयोगले उल्लेख गरेको छ।

## एमालेको...

उनले भदौमा भएको आन्दोलनमा ध्वंस मच्चाउनेहरूलाई समयले दण्ड दिने बताए। उनले नेपाली समाजलाई विखण्डन गर्न जात, धर्म, क्षेत्र, सम्प्रदाय र पुस्ताको कार्ड खेलिएको आरोपसमेत लगाए। 'राजनीति भेल होइन, देश बदल्न नीति, विचार र विश्वसनीयता चाहिन्छ। अर्कालाई सरापेर मात्र देश विकास हुँदैन,' उनले भने। एमालेप्रति चौतर्फी हमला हुँदा पनि देशको राष्ट्रिय हितमा एक्लै उभिने पार्टी एमाले रहेको उनको तर्क थियो।

एमाले सरकारमा रहँदा गरिएका कामहरूको फेहरिस्त प्रस्तुत गर्दै उनले एमालेकै अडानका कारण देशले अब कहिल्यै नाकाबन्दी भोग्नु नपर्ने दावी गरे। नयाँका नाममा व्यवस्था र संविधानमाथि भइरहेको प्रहारलाई एमालेले डटेर सामना गरिरहेको उनको भनाई छ। एमाले एक्लै चुनाव लड्न सक्षम रहेको स्मरण गराउँदै उनले आगामी निर्वाचनमा सूर्य चिन्हमा मतदान गर्न आग्रह गरे। 'हामी कमजोर भएर सहकार्यको हात अगाडि बढाएका होइनौँ। तर संविधान र गणतन्त्र विरोधी शक्तिहरू सलबलाइरहेको बेला लोकतन्त्रवादीहरू एकजुट हुन आवश्यक छ,' उनले थपे।

देश अहिले कठिन मोडमा रहेको उल्लेख गर्दै उनले लोकतन्त्र र गणतन्त्र जोगाउन सबै परिवर्तनकारी शक्तिहरूलाई एकताबद्ध हुन आह्वानसमेत गरे। 'प्रतिस्पर्धा आफ्नै ठाउँमा छ, तर संविधान र व्यवस्थामाथि औँला ठड्याउने शक्तिका विरुद्ध एक हुन चुकियो भने भोलि पछुताउनुको विकल्प रहने छैन,' उनले भने। राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाहलाई लक्षित गर्दै उनले जिम्मेवारी पूरा नगरी प्रधानमन्त्रीको सपना देख्नेहरूलाई जनताले यस पटक सबक सिकाउने दावी गरे।

# चुनावैपिच्छे वाचा, शुक्लाफाँटा आरक्ष विस्थापित २४ वर्षदेखि पुनःस्थापनाको पर्खाइमा

**युग संवाददाता**
**कञ्चनपुर, १७ फागुन ।** हरेक निर्वाचनमा दलहरूको चुनावी एजेन्डा बन्ने गरेको शुक्लाफाँटा आरक्ष विस्थापितको विषय यसपटकको निर्वाचनमा पनि सबै दलका उम्मेदवारको चुनावी एजेन्डामा छ। स्थानीय तह निर्वाचनदेखि सङ्घीय निर्वाचनमा आरक्ष विस्थापितको पुनःस्थापनाको एजेन्डा बन्दै आएको दुई दशक भइसकेको छ।

तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्ष (हालको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज) विस्तारका क्रममा २०५८ सालमा विस्तापित भएका आरक्ष विस्थापित अहिले पनि कञ्चनपुरका विभिन्न स्थानमा शिविरमा बस्दै आएका छन्। एक सय ५० वर्गकिलोमिटर क्षेत्रमा रहेको शुक्लाफाँटाको पूर्वी क्षेत्र विस्तार गरेर ३०५ वर्गकिलोमिटर पुर्‍याइएको थियो। उक्त क्षेत्र विस्तारका क्रममा विस्थापित भएका दुई हजार ४७३ परिवार विस्थापित जङ्गल छेउमा कष्टकर जीवन जिउन बाध्य छन्।



"अहिले पनि नेताहरू आएर तपाईंहरूको पुनःस्थापना गर्छौं हामीलाई भोट दिनुस् भन्छन्", ढक्का शिविरका आरक्ष विस्थापित वीरसिंह धामीले भने, "आश्वासन धेरै पायौँ चुनावमा मात्रै हुन्छ भन्छन्, त्यसपछि हाम्रो सुनुवाइ हुँदैन।" उनले यसअघि पुनःस्थापनाको आश्वासनमा चारपटक मतदान गरिसकेका छन्।

"हाम्रो पुनःस्थापना होला भन्ने विश्वास त छैन यसपटक पनि सबै पार्टीका उम्मेदवारले पुनःस्थापना गर्ने प्रतिबद्धता गरेका छन्", धामीले भने, "राज्यले हाम्रो समस्यालाई गम्भीर रूपमा लिएन।" आरक्ष विस्थापितका लागि सरकारले पटकपटक गरेर ३३ आयोग बनाए पनि पीडितको समस्या समाधान हुन नसक्दा उनीहरू राजनीतिक दलहरूले आफूहरूलाई भोट बैंकमात्र बनाएको दुःखेसो गर्दैआएका छन्।

"आरक्ष विस्थापितका नाममा आयोग बनायो, कार्यकर्ता भर्ती गर् यो त्यतिमात्रै हुन्छ", पीडित रामलाल डगौंराले भने, "३३ आयोग बन्दा पनि हाम्रो समस्या समाधान भएन।" उनले आफूहरूको माग सरकारले सुरक्षित स्थानमा बसोबासको व्यवस्थापन गर्नुपर्ने रहेको बताए। "हामीलाई राज्यले घरवारविहीन बनाएको हो, राज्यले नै हाम्रो व्यवस्थापन गर्नुपर्छ", डगौंराले भने, "हामी सरकार र राजनीतिक दलहरूबाट पटकपटक ठगिएका छौं।"

आरक्ष विस्थापितको व्यवस्थापनका लागि सरकारले पटकपटक आयोग गठन गरे पनि उक्त आयोगले समस्या समाधान गर्नुको साटो सङ्ख्यामात्रै थपघट हुने गरेको आरक्ष विस्थापितहरु बताउँछन्। विस्थापित भएपछि पाँच वर्ष सडकमा बिताएका विस्थापितहरू २०६४ सालमा जङ्गलको छेउको खाली जग्गामा अतिक्रमण गरेर बस्दै आएका छन्।

"हामी जहिल्यै पनि भोटका लागि मात्रै प्रयोग भयौँ", स्थानीय नरेश रानाले भने, "सरकारले पुनःस्थापना नगर्दा अन्धकारमा बस्नुपरेको छ।" विस्थापितहरू अतिक्रमण गरेर जङ्गल छेउको खाली जग्गामा बसेका कारण राज्यबाट पाउने आधारभूत सेवा सुविधाबाट समेत वञ्चित भएको उनी बताउँछन्।

आरक्ष विस्थापितको पुनःस्थापना हुने आसमा २४ वर्षदेखि कष्टकर जीवनमा बाँचिरहेको रामदास चौधरी बताउँछन्। "जङ्गली हात्ती आउँछ घर भत्काउँछ, पुनः झुपडी बनाउन निकुञ्जले बनाउन दिँदैन", चौधरीले भने, "यहाँ बिजुली बत्ती, खानेपानी केही सुविधा छैन।" विस्थापितको समस्या समाधानका लागि सरकारले राज्यकोषबाट करोडौँ रुपैयाँ खर्च गरे पनि अवस्थामा सुधार आउन नसकेको उनको भनाइ छ।

आरक्ष विस्तारका क्रममा विस्थापित भएकालाई व्यवस्थापन गर्न सरकारले २०३७ सालमा अमृतमान श्रेष्ठको अध्यक्षतामा आयोग गठन गरेको थियो। उक्त आयोगले जग्गाको लालपुर्जा भएका ६२ परिवारलाई ४४४ बिघा जग्गा सट्टाभर्ना दियो। पछि २०३८ सालमा सर्वज्ञराज पण्डितको अध्यक्षता र २०४२ सालमा युगनाथ शर्माको अध्यक्षतामा बनेका आयोगले दुई हजार १७५ परिवारलाई दुई हजार २३० बिघा जग्गा सट्टाभर्ना दिएको देखिन्छ।




९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।